# पुर्चौंडी नगरपालिका

हाट, बैतडी

# वार्षिक नीति तथा कार्यक्रम

आ.ब. २०७६।७७

२०७६ साल असार २६ गते

पुर्चौडी नगरपालिकाको पाँचौ नगर सभाका अध्यक्ष ज्यु ,

यस सम्मानित र गरिमामय सदनमा उपस्थित सदस्यज्युहरु ,

नेपाली जनताको लामो समय सम्मको प्रतीक्षा, दशबर्षे जनयुद्ध, २०६२।६३ को जनआन्दोलन, मधेश आन्दोलन पश्चात नेपालमा संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई संस्थागत गर्न दुई पटकसम्म भएको संविधानसभाको निर्वाचनबाट जनताका प्रतिनिधिले एतिहासिक संविधान सभा मार्फत नेपालको संविधान निर्माण गरी जारी भइ सकेर हाल कार्यान्वयनमा रहेको छ । यसै संविधानको भावना मर्म र परिकल्पना अनुसार मुलुकमा विद्यमान सामन्ती, निरंकुश ,केन्द्रकृत र एकात्मक राज्य व्यवस्थाले सृजना गरेका विभेद, असमानता र उत्पिडनको अन्त्य गरी समावेशी र सहभागीतामुलकविकास गर्न नेपालमा संघियता कार्यान्वयनमा लैजाने संकल्प गरिएको छ । संविधानले सुनिश्चित गरेका प्रावधान बमोजिम मुलुकमा ७५३ स्थानीयतहको गठन भई नेपालीजनताको उत्साहजनक सहभागीतामा स्थानीयतहको निर्वाचन, २०७४ सम्पन्नभई दुई बर्षे कार्यकाल ब्यतित भएको अवस्थामा आज हामी पुर्चौडी नगरपालिकामा स्थानीय सरकारको रुपमा रही यो सम्मानित सदनमा आ.ब. २०७६।०७७ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुतगर्न पाउँदा निकै गौरवान्वित अनुभुति गरेका छौँ ।

देशलाई यस अवस्थामा ल्याइपुर्याउन आफ्नो जीवन वलिदान गर्ने सम्पुर्ण महान सहीदहरु, जनआन्दोलनका घाइतेहरु, द्वन्द्वपीडितहरु तथा देशमा गणतन्त्र तथा संघीयता स्थापनार्थ अहम भुमिका खेल्ने सम्पुर्ण ज्ञात अज्ञात व्यक्तित्वहरुलाई स्मरण गर्न चाहन्छौं । नेपालको संविधानले प्रत्याभुत गरेको व्यवस्था अनुसार स्थानीय सरकार मार्फत सिंहदरबारमा केद्रित शासकिय शक्तिलाई जनताको घरदैलोमा आएको दुई बर्ष पुरा भइसकेको यस परिबेशमा संघिय सरकारले स्थायीत्व लिदै राष्ट राजनैतिक स्थायीत्व र सम्विधान कार्यान्वयन तर्फ उन्मुख भएको देखिन्छ । यस अवधिमा स्थानीय सरकार संचालन ऐन, २०७४ लागु भएकोले स्थानीय सरकार संचालनका केही अस्पष्टता देखिन्छ अझै पनि संघिय सरकार, प्रदेश सरकार, हामीले पनि थुप्रै ऐन, नियम, कार्यबिधिहरु निर्माण गर्न बाकी रहेका देखिन्छन । अब असल लोकतान्त्रिक संस्कारको अभ्यास गर्दै आफ्नो गाउँ तथा नगरलाई आफैं समृद्ध सवल परिवर्तित र अत्मनिर्भर बनाउने ऐतिहासिक अभिभारा हाम्रो काँधमा आएको महसुस हुदै गर्दा यो हाम्रो लागि अवसर र चुनौति दुवै हो । अधिकार, स्रोत साधन, बजेट, उत्तरदायित्व, जवाफदेहिता र सुसासन समेत स्थानीयतहमा स्थानान्तरण भई तल्लो निकायलाई अधिकार सम्पन्न बनाउने प्रयास गरिएको छ, जुन हालसम्म जनताले प्राप्त गरेको उपलब्धी हो ।

नगर सभाका अध्यक्ष एवं अन्य सदस्य ज्युहरु,

अव म यस सम्मानित सदनमा पुर्चौडी नगरपालिकाको स्थानीय सरकारको आ.ब.२०७६।०७७ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुतगर्ने अनुमति चाहन्छु ।

१. लामो समय सम्मको जनप्रतिनिधी विहिन अवस्थाबाट यस अवस्थामा आइपुग्दा जनताका आफ्ना निर्वाचित प्रतिनिधी मार्फत स्थानीय स्तरमा जनताको प्रत्यक्ष सहभागीता हुने, सार्वजनिक महत्व बोकेका, दिगोविकास लक्ष्य हासील गर्न मद्त पुग्ने खाले छनौट भएका योजनाहरुलाई सबै भन्दा बढि प्राथमिकता दिइनेछ । योजना कार्यान्वयनमा कर्मचारी समायोजनका कारण बर्षै भरि कर्मचारीहरु अभाबमा बर्षको शुरुवात देखि नै योजना कार्यान्वयन गर्न असहज भएतापनि आगामी आ.ब.मा समयमै योजना कार्यान्वयन अगाडी बढाइने निति लिइनेछ ।

२. सडक विकासको मेरुदण्ड हो । सडक विकास नभए सम्म अन्य विकासका सम्भावनाहरु उजागर हुन सक्दैनन् भन्ने यर्थाततालाई मनन गर्दै संघिय पुर्वाधार विकासमा नगरपालिकाको पहिलो ध्यान सडक संजालमा

गरिनेछ । खोडपे-बझाङ्ग जयपृथ्वी बहादुर हाईवेय देखि नगरपालिका केन्द्र जोडने बाटोलाई स्तरोन्नती गर्ने कार्यको थालनी गरिनेछ । नगरपालिकाको केन्द्र हाट देखि सबै वडा कार्यालयहरु छिटो सडक संजाल संग जोडने कार्य निरन्तरताका लागी आवश्यक रकम विनियोजन गरिनेछ ।

३. नगरपालिकाको कार्यालय भवन निर्माणका लागी स्थान छनौट भइसकेकाले चालु आ. व. मा पुर्चौडी नगरपालिका वडा नं. १ स्थित विगतमा सव सेन्टर रहेको सरकारी जग्गामा आगामी २ वर्ष भित्रमा सम्पन्न हुने गरि नगरकार्यपालिका कार्यालयको मापदण्ड अनुसारको भवन निर्माण कार्य थालनी गरिनेछ ।

४. उर्जा विकासको महत्वपुर्ण पुर्वाधार हो । यस नगरपालिकामा केन्द्रिय विद्युत प्रसारण लाइन जडानका लागी कार्य थालनी गरिनेछ । वजार तथा सार्वजनिक स्थलहरुमा सौर्य सडक वत्ति जडानका लागी सुरुवात गरिने छ ।

५. सुचना र संचारको प्रचुर विकास भइरहेको आजको युगमा हाम्रो नगरपालिकामा अझै संचार सेवा भरपर्दो नहुनु दुःखद प्रशंग हो । चालु आ.ब.मा सबै वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा इन्टरनेट सुविधा जडान गरिनेछ ।

६. नगरपालिकाबाट प्रवाह गरिने दैनिक सेवा प्रवाहलाई छिटो छरितो,गुणस्तरिय, प्रभावकारी एवं नागरिकले प्रत्यक्ष अनुभुति गर्न सक्ने गरी प्रवाह गर्न प्रत्येक वडा कार्यालयको कार्यक्षमाता अभिबृदि र नियमित अनुगमनमा जोड दिइनेछ । नगरपालिकाको वडा कार्यालय तथा अन्य विषगत शाखा कार्यालयहरुबाट सुचनाहरुलाई कम्प्युटरीकृत गरि एम आई एस सिस्टममा अध्यावधिक गर्ने कार्यको थालनी गरिने छ ।

७. सामाजिक सुरक्षा भत्ता जेष्ठ नगारिक विधुवा तथा अपाङ्ग लगायतका लाभग्राहीको राज्यबाट प्रदान गरिने सहुलियत रकम हो । सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई प्रभावकारी बनाई पारदर्शिता र जवाफदेहीता प्रवर्द्धन गर्न चालु आ. व. देखि बैंकिङ्ग प्रणाली लागु गरिनेछ । जेष्ठनागरिक सम्मान, निःशुल्क नियमित स्वास्थ्य परिक्षण तथा उपचार सहुलियत जस्ता कार्यक्रमहरुलाई प्रोत्साहित गरिने छ ।

८. स्थानीय स्तरमा सानो पुँजीको परिचालन एवं सहकारीतामुलक संस्कृतीको विकास गर्न स्थानीय स्तरमा संचालित सहकारी समुहहरुको क्षमता विकास र संस्थागत सुदृढिकरणका लागी आवश्यकताका आधारमा सहकारीहरुलाई प्रोत्साहन गर्ने नीती लिइनेछ ।

९. यस क्षेत्रका युवाहरुमा बेरोजगारीको अवस्था रहेकोछ । रोजगारीको खोजीमा भारत लगायत तेस्रो मुलुकमा जाने क्रमपनि बढिरहेको अवस्था छ । रोजगारीका अवसर प्राप्त नगर्दा एकातिर युवाहरुमा नैरास्यता उत्पन्न भएको छ भने अर्कोतिर स्थानिय स्तरमा दक्ष जनशत्तिको अभाव भईरहेको छ । तसर्थ प्रधानमन्त्री रोजगार कार्यक्रमलाई व्यवस्थित गर्दै स्थानीय स्तरमा नगर प्रमुख रोजगार कार्यक्रमको समेत थालनी गरिने छ । जसवाट केहि हद सम्म भएपनि वेरोजगार युवाहरुलाई आबद्ध गरिनेछ ।

१०. बालबलिकाहरुको स्वस्थ र सुरक्षित साथ बाच्न पाउने अधिकारको सुनिश्चितता, उनीहरुको क्षमता विकास, तथा सर्वाङ्गीण विकासका लागी वडा स्तरिय खेलकुद प्रतियोगीताहरु संचालन गरिनेछन र नगर स्तरमा रंगशाला निर्माणको अवधारणा ल्याइनेछ । वालविवाह विरुद्ध किशोरीबृत क्षमता विकासमा जोड दिई २० वर्ष उमेर नपुगी विवाह गर्ने गराउनेलाई निरुत्साहित गर्ने निती अवलम्बन गरिने छ ।साथै नगर भित्रका सामुदायिक विद्यालयहरुमा अध्ययन गरि एस इ इ परिक्षामा सर्वोत्कृष्ट नतिजा ल्याउने १।१ जना छात्र छात्रालाई प्राविधिक शिक्षा अध्ययनकालागी छात्रबृतिको ब्यवस्था गरिने छ ।

११. समुदायमा विद्यमान कुरीति, कुसंस्कार, अधिकारबाट बञ्चितिकरण तथा महिला हिंसा, कार्यवोझ र छुवाछुत जस्ता विभेदका कारण महिलाहरुको स्वास्थ्य सुरक्षा तथा उनिहरुको मानव अधिकार सुनिश्चिततामा प्रश्न चिन्ह लागेको छ । जस्का लागी  महिला शशक्तीकरण कार्यक्रमलाई टोल टोल सम्म पुरयाइने छ र मदिरा नियन्त्रयणका लागी स्थानिय कार्यविधि वनाई नियमन तथा नियन्त्रणका लागी ठोस निति अवलम्बन गरिने छ ।महिलाहरुको आर्थिक आत्मनिर्भताका लागी समूह सहकारीमा आबद्ध गराइने छ । स्वास्थ्य आमा समूह र महिला स्वास्थ्य स्वयम सेवक कार्यक्रमलाई प्रोत्साहित गरिने छ ।

१२. यस नगरक्षेत्रमा वर्षेनी विभिन्न प्रकोप तथा विपद हुदै आइरहेकोमा त्यस्को तत्काल सम्बोधन हुन नसकेका तिता अनुभवहरु छन् अव नगर स्तरमै बहुक्षेत्रिय सहभागितामा समुदाय स्तरिय विपद ब्यवस्थापन समूह(CRRT)गठन गरी  साधन श्रोत र निश्चित कोषको स्थापना गरि सम्वोधन गरिने छ ।

१३. यस पुर्चौंडी क्षेत्रमा रहेका प्राकृतिक सम्पदा, पर्यटकीय क्षेत्र तथा विभिन्न धार्मीक मठ मन्दिरहरु हाम्रा धरोहरहरुको राष्टिय पहिचान गराउन विशेष योजना बनाई  पुरात्वात्तिक क्षेत्र तथा पर्यटकिय स्थल घोषणा गर्न पहल गरिनुका साथै विशेष प्रयटकिय स्थल सम्मको यात्रालाई सहज र सरल बनाउन छुट्टै सडक संजाल र केवलकारको अवधारणा भित्रयाउन विशेष पहल गरिने छ ।

१४. स्थानीय तह कार्यान्वयन संगै कक्षा १२ सम्मको शिक्षा स्थानीय सरकारको क्षेत्राधिकार भित्र आएको छ । शैक्षिक गुणस्तर सुनिश्चित गर्न सवै सरोकारवालाको सहभागितामा शिक्षा सुधार योजना बनाई लागु गरिने छ । विद्यालय क्षेत्र विकास कार्यक्रम, सवैका लागि शिक्षा, जीवनपर्यन्त शिक्षा, प्रौढ शिक्षा, चेलीवेटी शिक्षा, युवा शिक्षा, लगायतका कार्यक्रमहरु द्धारा व्यक्तिको सर्वाङगिण विकासमा जोड दिइनेछ । प्राविधिक तथा व्यावसायिक शिक्षालाई विशेष जोड दिई नेपाल सरकारको निति अनुसार नगरभित्रका सम्भाव्य विद्यालयहरुमा ९ देखि १२ कक्षाको अवधारणा अनुररुप कार्य थालनी गरिनेछ । इ पाटी कक्षालाई प्रोत्साहित गरिने छ ।

१५. आधारभुत स्वास्थ्य सेवामा जनताको सहज पहुंच सम्बैधानिक हक भएको र स्थानिय सरकारको जिम्मेवारीमा रहेको सन्दर्भमा भगौलिक विकटता, जनसंख्या र सेवाको चापको आधारमा मौजुदा स्वास्थ्य सेवाको वितरणले धान्न नसकेको अवस्थामा समय सापेक्ष यस्मा सुधार विस्तार गर्न जरुरी छ । यस्का लागी नगरमा सुविधा सम्पन्न पालिका स्तरिय अस्पताल संचालनमा ल्याउन विशेष पहल गरिने छ भने यसै वर्ष देखि मेडिकल अधिकृत सहितको सेवा सुरुवातीका लागी पहल गरिनेछ । जनताको संविधान प्रदत्त मौलिक हकको रुपमा रहेको स्वास्थ्य सेवा निःशुल्क,सर्वशुलभ र गुणस्तरिय वनाउन संचालनमा रहेका स्वास्थ्य संस्थाहरुलाई भौतिक पूर्वाधार, औषधि उपकरण र दक्ष जनशक्तिले ब्यवस्थित र जनउत्तरदायी वनाउनका साथै सेवाको पहुंचबाट टाढा रहेका बस्तिहरु न्वाला, नाकाली, ल्याटी, वागा, शिवाबो, खालीडाडा, रौनालीचौर, रेलान र कठपते वर्थिङ्ग सेन्टरहरुलाई शहरी स्वास्थ्य केन्द्रको रुपमा स्थापना गरि संचालनमा ल्याइनेछ ।

२४ घण्टे निःशुल्क प्रशुति सेवालाई प्रभावकारी वनाई सेवा प्रदायकहरुको क्षमता अभिवृद्धि(एस वि ए तालीम) गरिनुका साथै  आगामी २ वर्ष भित्रमा क्रमशः वडा हुदै नगरपालीकालाई नै घरमा हुने शुत्केरि शुन्य नगरपालीका घोषणागरिने छ । जस्का लागी संचालीत वर्थिङ्ग सेन्टरका सेवाहरुलाई सुदृढिकरण गरि अभियानका रुपमा लगिनेछ ।

१६. कृषि तथा पशुपालन यस क्षेत्रको जिविकोपार्जनको आधारका साथै मुख्य व्यावसाय पनि हो । कृषिको आधुनिकिकरण गरी निर्वाहमुखी पद्धतिबाट व्यवसायमुखी बनाइने र अगुवा किसानहरुलाई प्रोत्साहान गरिने निति लिइएकोछ ।

१७. वन जंगल तथा प्राकृतिक श्रोत जन्य क्षेत्र निर्धारण र प्रमाणिकरण गरि उपभोग प्रकृयालाई नियमन र प्रभावकारी वनाइनेछ भने खानी भएका संभावित क्षेत्रहरुको अनुसन्धानात्मक कार्यमा विशेष जोड दिई उत्पादन, उत्खनन तथा संकलनका लागी विशेष जोड दिइने छ । खाली रहेका सामुदायिक बनहरुलाई लक्षित गरि बृक्षरोपण कार्यकालागी नर्षरी स्थापना कार्य गरिनेछ ।

१८ दिगो विकासको अवधाणालाई अवलम्बन गर्दै. आवधिक योजना निर्माण गरिनेछ । चालु आ.ब.मा ५ लाख भन्दा कम रुपिया को कुनै निर्माणका योजना नबनाउने र ठुला योजनाहरु टेन्डर प्रकृयाबाट कार्यान्यन गर्ने निति लिइनेछ ।

१९.नगरको शान्ती सुरक्षा तथा बिकास निर्माणलाइ समेत टेवा पुग्ने गरि नगर प्रहरी सेवा संचालनमा ल्याइनेछ

२०.यस नगरपालिकालाइ आगामी २ बर्ष भित्र पुर्ण सरसफाइ युक्त नगर घोषणा गर्न स्वच्छ खानेपानी तथा सरसफाइ सम्बन्धी साझेदार संस्थाहरुसंग समन्वय गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२१. यस नगरपालिका भित्र साझेदारी कार्यक्रमका लागी आवश्यक समपुरक कोषको ब्यवस्था गरिनेछ ।

२२ सुसासनका लागी जनता संग नगर प्रमुख कार्यक्रम संचालनमा ल्याइनेछ ।

धन्यबाद ।